# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

### 3rd International Conference on Economics and Finance को आयोजना

नेपाल राष्ट्र बैंकद्वारा आयोजित 3rd International Conference on Economics and Finance, 28-29 Feb, 2020 काठमाडौंमा आजबाट शुरु भएको छ । प्रमुख अतिथि माननीय अर्थ एवम् सूचना तथा सञ्चारमन्त्री डा. युवराज खतिवडाले एक समारोहकाबीच उक्त कार्यक्रमको उद्घाटन गर्नुभयो । प्रमुख अतिथि माननीय मन्त्री डा. खतिवडाले कार्यक्रमको पूर्ण सफलताको कामना गर्दै नेपाल विकासको बाटोमा अगाडि बढिरहेकोले रोजगारी, समानता, सामाजिक रुपान्तरण तथा जलवायु परिवर्तनलाई सम्बोधन गरेर हुने आर्थिक वृद्धिले मात्रै दीगो विकास सम्भव हुने धारणा व्यक्त गर्नुभयो ।




यसैक्रममा यस सम्मेलनले व्यापार उदारीकरण तथा वैदेशिक लगानीले आर्थिक वृद्धिलाई अगाडि लैजान खेल्ने भूमिका माथि छलफल गर्नुपर्ने सुझाव दिनुभयो । दीगो विकासका लागि अर्थशास्त्र सम्बन्धी ज्ञानको महत्वपूर्ण भूमिका रहने कुरा बताउँदै केन्द्रीय बैंकले परम्परागत बैंकिङ्ग प्रणालीलाई चुनौती दिने खालका virtual currencies, non banking financial institution तथा financial inclusion मा जोखिम व्यवस्थापनको भूमिकामा सजग हुनुपर्ने विचार समेत माननीय मन्त्रीज्यूले व्यक्त गर्नुभयो । उहाँले नेपाल भौतिक, राजनीतिक तथा आर्थिक पुनरनिर्माणको क्रममा आर्थिक सम्वृद्धि तथा दीगो विकास प्राप्त गर्न अग्रसर

रहेको र यसका लागि सरकारको भूमिका महत्वपूर्ण रहेको उल्लेख गर्नुभयो ।

उक्त उद्घाटन समारोहमा यस बैंकका गभर्नर डा. चिरंजीवि नेपालले यस अन्तर्राष्ट्रिय सम्मेलनले ज्ञान तथा अनुभवको आदानप्रदानका माध्यमबाट नीति निर्माताहरुका लागि नीतिगत निर्णय क्षमताको विकास गर्ने अवसर प्राप्त हुने विश्वास व्यक्त गर्नुभयो । साथै, गभर्नर डा. नेपालले तीन वर्षको औसत आर्थिक वृद्धिदर ७.३ प्रतिशत, शोधनान्तर अवस्था सकारात्मक रहेको, विदेशी विनिमय संचिति ८.४ महिनाको लागि वस्तु तथा सेवा आयात धान्नसक्ने रहेको, ब्याजदरमा स्थिरता रहेको जस्ता आर्थिक परिसूचकहरुले अर्थतन्त्र सकारात्मक दिशामा अगाडि बढिरहेको विषय उल्लेख गर्नुभयो । उक्त अवसरमा गभर्नर डा. नेपालले बैंकिङ्ग प्रणालीमा आधुनिक भुक्तानी प्रणाली Real Time Gross Settlement (RTGS) लागु गरिसकिएको, विश्वसनीय तथ्याङ्क संकलन तथा विश्लेषणका निमित्त दक्षता अभिवृद्धि गर्नका लागि Supervisory Information System (SIS) समेत कार्यान्वयनमा ल्याइसकिएको लगायतका विषयमा प्रकाश पार्नुभयो । सो सत्रमा उपस्थित महानुभावहरूलाई डेपुटी गभर्नर शिवराज श्रेष्ठले धन्यबाद ज्ञापन गर्नुभएको थियो भने अनुसन्धान विभागका कार्यकारी निर्देशक डा. गुणाकर भट्टले स्वागत मन्तव्य राख्नुभएको थियो ।

उद्घाटन सत्र लगत्तै गभर्नर डा. नेपालको अध्यक्षतामा Policy Dialogue Session आयोजना गरिएको थियो । उक्त सत्रमा बैंकका कार्यकारी निर्देशक डा. गुणाकर भट्टले Inclusive and Sustainable Growth Agenda for Nepal विषयक Background Paper प्रस्तुत




गर्नु भएको थियो । उक्त सत्रमा राष्ट्रिय योजना आयोगका सदस्य डा. रामकुमार फुयाल, राष्ट्रिय योजना आयोगका पूर्व उपाध्यक्ष डा.स्वर्णिम वाग्ले, अर्थसचिव शिशिरकुमार ढुंगाना, अन्तर्राष्ट्रिय मुद्राकोषका Senior Resident Representative Dr. Luis E. Breuer, एसियाली विकास बैंकका दक्षिण एशिया क्षेत्रीय सल्लाहकार Dr. Lei Lei Song, विश्व बैंकका Country Manager Mr. Faris Hadad-Zervos ले Panelist का रुपमा आफ्ना विचार प्रस्तुत गर्नुभएको थियो । दुई दिनसम्म सञ्चालन हने उक्त अन्तर्राष्ट्रिय सम्मेलनमा Paper Presentation Sessions अन्तर्गत अमेरिका, भारत, इटली, थाइलैण्ड, इन्डोनेशिया, बंगलादेश र नेपालका गरी कुल ७२ जना सहभागीहरुले आर्थिक, मौद्रिक, वित्तीय लगायतका अर्थतन्त्रसँग सम्बन्धित विषयमा आ-आफ्नो कार्यपत्र प्रस्तुत गर्ने कार्यक्रम रहेको छ ।

यस अन्तर्राष्ट्रिय सम्मेलनमा आर्थिक विकास, वित्त विकास, वित्तीय पहुँच, अन्तर्राष्ट्रिय व्यापार, वित्तीय प्रविधि, कृषि, पूर्वाधार, उर्जा तथा पर्यटन लगायत आर्थिक क्षेत्रसम्बद्ध नीतिगत विषयमा कार्यपत्रहरु प्रस्तुत हुने र सोबाट नीति निर्माणमा सहयोग पुग्ने विश्वास लिइएको छ ।